# रुद्रपुर सामुदायिक वन उपभोक्ता समूह
## कञ्चन ४, रुपन्देही

पत्र सख्या : ०८१/०८२

च.नं. : ८०

मिति : २०८२/०२/०१ गते

### काठ लिलाम बिक्री सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना !

यस सामुदायिक वनको स्वीकृत वन व्यवस्थापन योजना बमोजिम आ.व. २०८०/०८१ मा पुनरुत्पादन कटानवाट उत्पादन भएको लट नं. १ देखि ५ बमोजिमको साल जातको गोलिया थान ५०५ को ३०३०.०४ क्यु.फि. काठ र असना जातको गोलिया थान ३६ को ४२०.३५ क्यु फिट गरी जम्मा गोलिया थान ५४१ को ३४५०.३९ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोवार गर्ने इजाजत प्राप्त मु.अ.करमा दर्ता भएका, कर चुक्ता गरेका र सुचिकृत भएका व्यवसायीले यो सूचनाराष्ट्रिय दैनिक मेचीकाली सन्देश (वर्ष २५, अंक १५१) पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीवाट बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र खरिद गरेको निकायमा शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारी तथा सूचनाको लागी समूहको कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

तपसिल

| सि. नं. | लट नं. | धाड नं. | प्रजाति | ग्रेड | गोलिया संख्या | परिमाण (क्यु.फि.) | न्युनतम दर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा | |
| १ | १-०८१/८२ | ५ | साल | A | १५ | २२३.६३ | १२५० | २७९५३५.०० | |
| | | | साल | B | .४३ | ३७९.७५ | ९०० | ३४१७७२.२३ | |
| | | | साल | C | ७५ | ३०३.७९ | ६०० | १८२२७५.३५ | |
| | | | साल | D | ४ | ५.५० | ३०० | १६४९.४८ | |
| | | | जम्मा | | १३७ | ९१२.६७ | | ८०५२३२.०६ | |
| २ | ०२-०८१/८२ | ६ | साल | A | १० | १४९.१२ | १२५० | १८६३९९.१२ | |
| | | | साल | B | २१ | २२६.४७ | ९०० | २०३८२३.१० | |
| | | | साल | C | ५८ | ३११.१७ | ६०० | १८६७०३.२० | |
| | | | साल | D | २ | ३.१९ | ३०० | ९५५.८६ | |
| | | | जम्मा | | ९१ | ६८९.९५ | | ५७७८८१.२८ | |
| ३ | ०३-०८१/८२ | ८ | साल | A | ५ | ६५.७२ | १२५० | ८२१५१.३४ | |
| | | | साल | B | २९ | २०२.०४ | ९०० | १८१८३७.८५ | |
| | | | साल | C | ८६ | २५६.८८ | ६०० | १५४१२८.८४ | |
| | | | साल | D | ११ | १३.२९ | ३०० | ३९८७.५५ | |
| | | | जम्मा | | १३१ | ५३७.९४ | | ४२२१०५.५७ | |
| ४ | ०४-०८१/८२ | १० | असना | A | ९ | १८५.१२ | ४०० | ७४०४९.८३ | |
| | | | असना | B | १० | ११७.८९ | ३०० | ३५३६५.६७ | |
| | | | असना | C | १७ | ११७.३४ | १०० | ११७३३.७४ | |
| | | | जम्मा | | ३६ | ४२०.३५ | | १२११४९.२४ | |
| ५ | ०५-०८१/८२ | ११,१२ | साल | A | १४ | २१५.७५ | १२५० | २६९६९१.६८ | |
| | | | साल | B | २८ | २६९.५९ | ९०० | २४२६३२.४० | |
| | | | साल | C | ९३ | ३८९.७० | ६०० | २३३८१९.५० | |
| | | | साल | D | ११ | १४.४४ | ३०० | ४३३३.३३ | |
| | | | जम्मा | | १४६ | ८८९.४९ | | ७५०४७६.९१ | |

रुद्रपुर सामुदायिक वन उपभोक्ता समूह
कञ्चन-४, रुपन्देही

CamScanner

# रुद्रपुर सामुदायिक वन उपभोक्ता समूह
## कञ्चन ४, रुपन्देही

पत्र सख्या : ०८१/०८२

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-
   (क) खरिद गर्ने अन्तिम मिति २०८२/०२/२१ गते कार्यालय समय सम्म ।
   (ख) दाखिला गर्ने अन्तिम मिति २०८२/०२/२२ गते कार्यालय समय सम्म ।

३. बोलपत्र फाराम रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी यस समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीबाट खरिद गरी सोही कार्यालयमा दाखिला गर्नु पर्नेछ

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समुहको नाममा रहेको कामना सेवा विकास बैंक, गरगरे शाखामा रहेको बचत खाता नं. ११३००३००२९९६०५००००01 मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समुहको नाममा खिचिएको बैंक ड्राफ्ट कम्तीमा ६ महिनाको समावेश गर्नु पर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गै हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रमाणित प्रतिलिपि बोलपत्र खरिद गर्नको लागि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

७. रित पूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०२/२५ गते दिउसोको २:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा यस समुहको कार्यालय कञ्चन-४, गरगरे, रुपन्देहीमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधीको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १० दिनभित्र सकार गरेको रकम र संकलन खर्च एवं कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालय बाट बिक्री नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा बिक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पुरा नभएको, बोलपत्र उपर कारवाही हुने छैन ।

११. बोलपत्र, शिलवन्दी गरी पेश गर्नु पर्नेछ र शिलवन्दी खाममा लट नम्बर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी रुद्रपुर सामुदायिक वन उपभोक्ता समुहको काठ लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस सामुदायिक वन उपभोक्ता समितिमा निहीत रहने छ ।

१३. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलि पल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१४. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समितिको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१५. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित कानून अनुसार हुने छ ।


इति सम्वत् २०८२ साल जेष्ठ महिना १ गते रोज ५ मा शुभम् ............................................ ।

हिमाल थापा
अध्यक्ष
रुद्रपुर सामुदायिक वन उपभोक्ता समूह
कञ्चन-४, रुपन्देही

CamScanner



## श्री कालिका सामुदायिक वन उपभोक्ता समूह



## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

श्री कपिलमुनी सामुदायिक वन उपभोक्ता समूह

हार्दिक समवेदना



## काठ लिलाम बिक्री सम्बन्धी सूचना

## धितोमा रहेको घर/जग्गा सम्पत्ति लिलाम बिक्री सम्बन्धी

इट्टा चाहिएमा !

ज्योति विकास बैंक लि.

JYOTI BIKASH BANK LTD.